# राप्ती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(.....)

फोन नं.: ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८३/०८४ चलानी नं.:

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मसुरिया, दाङ लुम्बिनी प्रदेश, नेपाल

**मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०१

राप्ती गाउँपालिकाको आ.व. २०८३/०८४ को सङ्घीय ससर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ (पहिलो संशोधन कार्यविधि, २०८३)" बमोजिम देहायका कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरूले यो सूचना प्रकाशित भएको मितिले एक्काइस(२१)औं दिनसम्म(मितिः २०८३/०८/२१सम्म)कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघि प्राप्त प्रस्तावहरू छनौटमा समावेश नगरिने बेहोरा समेत जानकारी गराईन्छ। आवेदकहरूले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा यस कार्यालयको वेवसाइट raptimundang.gov.np बाट डाउनलोड गर्न वा यस गाउँपालिकाको पशुसेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | कार्यक्रम लागु हुने क्षेत्र | लक्षित वर्ग/समुदाय |
|---|---|---|---|---|---|
| १. | मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रम | २९ | जम्मा बजेट रु:५ लाख (पाँच लाख मात्र) (पाडा खरिदमा लागेको मूल्यको ५० प्रतिशत वा अधिकतम १५,०००।- प्रति पाडा मध्ये जुन कम हुन आउछ , सोही रकम) | राप्ती गाउँपालिकाका सबै वडाहरु | दर्ता भएका व्यवसायिक गाई भैसी पालन फार्महरु |

**संलग्न कागजातहरूको सूची**

१. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
२. आवेदक सम्वन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि,
३. कार्ययोजना अनुरूपको योग्यता, तालीम र अनुभव जनाउने कागजात,

राजेश गल्लाह
प्रमुख प्रशासकीय अधिकृत

# राप्ती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(.....)

फोन नं.: ०८२-४१३०७७
मसुरिया, देउखुरी-दाङ
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०८३/०८४ चलानी नं.:

४. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपि,
५. सङ्घ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,
६. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरूको हकमा स्पेसिफिकेशनको प्रतिलिपी,
७. लाभग्राही कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि (संघ,संस्था,सहकारी र कम्पनीको हकमा)
८. लाभग्राहीको कार्य समितिका पदाधिकारीहरूको नामावली (संघ,संस्था,सहकारी,कम्पनीको हकमा)
९. यसै प्रकृतिको कार्यका लागि बिगत दुई (२) वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र,
१०. अनुसूचि ५ बमोजिमको निवेदन
११. अनुसूचि ६ बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना
१२. सम्वन्धित वडा कार्यालयको सिफारिस

(राजेश मल्लाह)
प्रमुख प्रशासकीय अधिकृत

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

नोटः
(१) लाभग्राहीको सङ्ख्या निर्धारण प्राप्त प्रस्तावना,फिल्ड अनुगमनबाट प्राप्त नतिजा र कुल बजेटको आधारमा गाउँपालिका स्तरिय पशुसेवाका कार्यक्रम कार्यान्वयन सहजिकरण समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ।